# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सूचीकरण सम्बन्धमा ध्यानाकर्षण

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था नेपालमा लेखा व्यवसायको विकास, सरक्षण र सम्बर्द्धन गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अन्तर्गत स्थापित एक स्वायत्त र नियमनकारी निकाय हो । यस संस्था उल्लेखित ऐन र सो ऐन अन्तर्गत बनेको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को अधिनमा रहि नेपालभित्र लेखाव्यवसायको प्रवर्द्धन, जनशक्ति उत्पादन, लेखापरीक्षण गर्ने अनुमतिको लागि पेशागत प्रमाणपत्र प्रदान गर्ने र लेखाव्यवसाय नियमन गर्ने निकाय हो ।

यस संस्थाका सदस्यहरुले संस्थाबाट जारी भएको पेशागत प्रमाणपत्रबाट नेपाल राज्यभित्र सम्पूर्ण निकाय तथा संस्थाहरुको निजले पाएका सीमासम्मको निर्बाध रुपमा लेखापरीक्षण गर्न पाउने अधिकार रहेको छ र यस संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त सदस्यले कुनै पनि निकाय तथा संघ संस्थाको लेखापरीक्षण गर्न अन्य कुनै पनि निकायमा सूचिकृत गर्नु नपर्ने तथा ति निकायलाई लेखापरीक्षकको नामावली आवश्यक भएमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट लिन सकिने तथा सो नामावली संस्थाको Web Site बाट समेत प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराईन्छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरुले अन्य निकायमा सुचिकृत गर्नु नपर्ने गरि २०६७ सालमा नेपाल राष्ट्र बैंक, बीमा समिति, शिक्षा बिभाग, सहकारी विभाग तथा स्थानीय विकास मन्त्रालयसँग सम्झौता/सहमति भई कार्यान्वयनमा आईरहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

लेखापरीक्षण अनुमति प्राप्त सदस्यहरुलाई विभिन्न निकायहरुले सूचीकरणमा आउन आव्हान गरेकोमा यस संस्थाको ध्यानाकर्षण भएको छ । यस संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त सदस्यले आफ्नो सीमासम्मको लेखापरीक्षण गर्न पाउने अधिकार संस्थाले नीजहरुलाई प्रदान गरेको हुनाले निजहरु अन्य कुनै पनि निकायहरुमा सुचिकृत हुनु नपर्ने व्यहोरा पुनः जानकारी गराईन्छ । साथै, उक्त निर्देशनको पालना नगर्ने सदस्यहरुलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ र आचार सहिंताको पालना नगरेको कारण आवश्यक कारबाही गर्ने समेत व्यवस्था भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
The Institute of Chartered Accountants of Nepal
(Established under The Nepal Chartered Accountants Act - 1997)
ICAN Marg, Satdobato Lalitpur / Post Box No. : 5289, Ph.: 5530832, 5530730,
Web: http://www.ican.org.np, Email: ican@ntc.net.np

For Publication in Kantipur News Paper.

28/08/2018.